# नेपाल पत्रकार महासंघ

**केन्द्रीय समिति**

**सञ्चारग्राम, काठमाडौं**

नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति
Central Committee
Federation of Nepali Journalists

**मिति : २०७७।३।१४**

**श्री सचिवज्यू**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सिंहदरवार, काठमाडौं ।**

**विषयः सुझाव पेश गरिएको वारे ।**

**श्री सचिवज्यू,**

लोकतन्त्र, मानवअधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, श्रमजीवी पत्रकारको हित तथा सूचनाको हक प्राप्तिको आन्दोलनमा अगुवाई गरिरहेको नेपाल पत्रकार महासंघले प्रेस तथा पत्रकारहरुले भोगिरहेका तमाम समस्या समाधान गर्न नेपाल सरकार र यस मन्त्रालयलाई यसअघि विभिन्न समयमा ध्यानाकर्षण गरिसकेको स्मरण गराउन चाहन्छौं ।

यतिवेला कोरोना सक्रमणका कारण नेपाल आक्रान्त बनिरहेको छ । कोरोना सक्रमण फैलन नदिन नेपाल सरकारले चालिरहेका कदममा नेपाली सञ्चार क्षेत्रको समेत साथ र समर्थन रहँदै आएको छ । कोरोना सक्रमण विरुद्ध सिंगो देश जुधिरहनु परेको अहिलेको अवस्थामा यसका विरुद्ध संचारकर्मीहरु अग्रमोर्चामा कार्यरत रहेका छन् ।

अहिलेको जटिल परिस्थितिमा संचार क्षेत्रले भोग्नु परेका प्रमुख समस्याको समाधान तथा संचार क्षेत्रका केही नीतिगत र कानूनी विषयमा पत्रकार महासंघका तर्फवाट निम्नअनुसार सुझाव पेश गरिएको छ ।

१. संविधानप्रदत्त र अन्तर्राष्ट्रिय मूल्य मान्यताअनुसार राज्यका केन्द्र, प्रदेश र स्थानीय तहले बनाउने सञ्चारसम्बन्धी सबै कानुनमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पूर्ण ग्यारेण्टी गर्न महासंघले आग्रह गर्दै आएको छ । यसै सन्दर्भमा पत्रकार महासंघले विभिन्न सरोकार पक्षसँग छलफल गरी आम संचार माध्यम सम्वन्धी एकीकृत कानूनको नमूना मस्यौदा निर्माण गरी नेपाल सरकार समक्ष सुझावका रुपमा प्रस्तुत गरिसकेको छ । पत्रकार महासंघले हाल विभिन्न सरोकारवाला पक्ष र विज्ञसँग छलफल गरी तयार पारेको **नेपाल सार्वजनिक सेवा प्रसारण विधेयक**को नमूना मस्यौदा यसैपत्र साथ बुझाइएको छ । महासंघ प्रस्तुत मस्यौदालाई मन्त्रालयले प्रक्रियागतरुपमा अघि बढाउने विश्वास व्यक्त गर्दछ ।

२. कोरोना सक्रमणले उत्पन्न गराएको अहिलेको संकटपूर्ण अवस्थामा अग्रपंक्तिमा रहेर खटिरहेका संचार क्षेत्रलाई नेपाल सरकारको नीति तथा कार्यक्रम र वजेटमा अग्रमोर्चामा खटिनेहरुको सूचिमा

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org

नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति
Central Committee
Federation of Nepali Journalists

समावेश नगरिएकाले अग्रपंक्तिमा खटिने क्षेत्रका रुपमा समावेश गर्न महासंघ आग्रह गर्दछ । साथै संकटपूर्ण अवस्थामा अग्रमोर्चामा रहेर जिम्मेवारी बहन गरिरहेका सञ्चारकर्मी र सञ्चार प्रतिष्ठानहरुमा परेको प्रभाव र असर वारे अध्ययन गरी समस्या सम्वोधनका लागि अल्पकालीन र दीर्घकालीन योजना तय गर्न आग्रह गर्दछौं ।

३. कोरोना सक्रमणको यस अवधिमा केही सञ्चारगृहमा श्रमजीवी पत्रकारहरुलाई दवावपूर्ण वेतलबी विदामा राख्ने, पाउनुपर्ने पारिश्रमिक नियमित भुक्तानी नगर्ने तथा काम गर्ने वातावरण नवनाउने जस्ता समस्या देखिएकाले त्यसलाई तत्काल रोकी श्रमजीवी पत्रकार ऐन र नियमावली बमोजिम सेवा सुविधा उपलब्ध गराउन आवश्यक पहलका लागि आग्रह गर्दछौ ।

४. पत्रकार दुर्घटना बिमालाई थप विस्तार गरि स्वास्थ्य बिमा र जिवनविमाको व्यवस्था गरियोस् । पत्रकार महासंघमा सदस्यता नवीकरण भएसँगै स्वतः विमा हुने व्यवस्था गरियोस् । जेष्ठ पत्रकार जीविकोपार्जन भत्ता, आपतकालिन राहत, द्वन्द पीडित पत्रकारलाई राहतको व्यवस्था गरियोस् । साथै, पत्रकारलाई सरकारी अस्पताल तथा स्वास्थ्य संस्थाहरुबाट उपलब्ध गराइने भनेको ५० प्रतिशत छुटलगायतका पूर्व निर्णयहरु कार्यान्वयन गरियोस् ।

५. विज्ञापन ऐनमा भएको व्यवस्थाअनुसार तत्काल विज्ञापन बोर्ड गठन गरी समानुपातिक विज्ञापन वितरण प्रणाली लागू गरियोस् । स्थानीय विज्ञापनमा स्थानीय सञ्चारमाध्यमलाई प्राथमिकता दिइयोस् र केन्द्रबाट वितरण हुने सरकारी विज्ञापन स्थानीय तहका सञ्चारमाध्यमले समेत पाउनेगरी समानुपातिक वितरण प्रणाली लागू गरियोस् ।

६. नेपाली मिडियालाई सेवा उद्योगको रुपमा मान्यता र सुविधा प्रदान गर्न, क्लीन फिड नीति कार्यान्वयनमा ल्याउन, संचार क्षेत्रलाई सहलियतपूर्ण ऋणको व्यवस्था गर्न आग्रह गर्दछौं ।

.....................

**गोविन्द आचार्य**

**अध्यक्ष**

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org